नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन शाखा)

०९१-५२११०१ ०९१-५२२४४६
dao.kailali@gmail.com
daokailali@moha.gov.np
daokailali.moha.gov.np
facebook.com/daokailali/

**धनगढी,कैलाली**


प.सं. ०७७/७८
च.नं.

मिति २०७७।१२।११

## जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।

भारतका विभिन्न प्रान्तहरुमा कोभिड-१९ को संक्रमण बढिरहेको र मृत्युदरमा समेत बृद्धि भएको सन्दर्भमा खुला सिमानाको कारण सीमा नाकाहरुबाट मानिसहरुको आवतजावत बढी भएको सन्दर्भमा कैलाली जिल्लामा पनि कोभिड-१९ को उच्च जोखिम रहेको देखिएकोले कोभिड-१९ को संक्रमण बढी जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ संक्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणका सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयको च.नं. २८६७, मिति २०७७।१२।०९ को पत्रबाट भएको निर्देशन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको निर्देशन तथा विज्ञप्ति, प्रदेश संकट व्यवस्थापन केन्द्र, कैलालीको निर्णय एवम् जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, कैलालीको बैठकको निर्णय समेतको आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ र संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार समेत प्रयोग गरी यस जिल्लाभर मिति २०७७।१२।११ गते देखि अर्को व्यवस्था नभएसम्मका लागि लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारी एवं कार्यान्वयनको लागि अनुरोध छ।

**निम्न**

१. निकट रहेको फागु पूर्णिमा (होली) लगायत कुनै पनि मेला, पर्व, महोत्सव, जात्रा आदिमा भिडभाड नगर्ने।

२. हाल कोभिड-१९ संक्रमणको उच्च जोखिम रहेको कारण होली मनाउँदा उच्च सतर्कताका साथ संयमित भएर स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरु पालना गरी मनाउनुपर्ने भएकोले सामूहिक रुपमा होली पर्व नमनाउने साथै धार्मिक तथा सामाजिक स्थलमा समेत भौतिक दुरी कायम गर्ने।

३. कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टिन, आइसोलेशन केन्द्रहरुलाई तयारी अवस्थामा राखी स्वास्थ्य केन्द्रहरुबाट प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन सम्बन्धित निकायहरुले आवश्यक तयारी गर्ने।

४. सबै व्यक्तिहरुले अनिवार्य रुपमा मास्क, सेनिटाइजर प्रयोग गरी भौतिक दुरी कायम गर्ने।

५. सबै कार्यालय/निकाय/संघसंस्था एवं शैक्षिक संस्थाहरुले सामाजिक दुरी लगायत जनस्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गरी नियमित रुपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने।

६. बैठक, गोष्ठी वा सेमिनार भर्चुअल माध्यमबाट गर्ने। अत्यावश्यक बैठक, गोष्ठी वा सेमिनार गर्नुपरेमा जनस्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण परिपालना गर्ने।

७. सीमा नाकाहरुबाट नेपाल प्रवेश गर्ने सबै नेपाली नागरिक र पूर्व स्वीकृति प्राप्त भारतीय नागरिकको अभिलेख राख्ने र नाकामा रहेका हेल्थ डेस्कबाट अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गर्ने। ज्वरो आएका यात्रुहरुको मलेरियाको RDT तथा सम्भव भएसम्म कोभिड १९ को Antigen Test गर्ने।

८. रात्रीकालीन समयमा सञ्चालन हुने होटल, रेष्टुरेन्ट, डान्सबार, दोहोरीसाझँ जस्ता व्यवसायहरुमा भिडभाड नगर्ने र राती धेरै अबेर सम्म व्यवसाय सञ्चालन नगर्ने।

९. यस आदेशमा भएको व्यवस्था अवज्ञा गरेको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गरिनेछ।

२०७७/१२/११

खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner